स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१

वर्ष -१४ , अंक-१ | २०८३ साउन ४, सोमवार | july 20, 2026 | मुल्य रु.- १० । | jantapatra.com

### सामाजिक चेतना र अपराध नियन्त्रणः

## घरेलु हिंसाका घटना र प्रहरीको सक्रियता

**जनतापत्र , चौतारा**



सिन्धुपाल्चोक जिल्लामा पछिल्लो समय घरेलु हिंसाका गम्भीर घटनाहरू बाहिर आउन थालेका छन्, जसले समाजमा मदिरा सेवन र आपसी विवादका कारण निम्तिने भयानक परिणामलाई उजागर गरेको छ। जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका वडा नं ६ पिपलडाँडामा श्रीमानको गम्भीर कुटपिटका कारण एक महिलाको दुःखद मृत्यु भएको घटना सार्वजनिक भएको छ। मृत्यु हुनेमा स्थानीय ४० वर्षीया मिना राना मगर रहेकी छन्। घटना विवरण अनुसार मिना केही दिनदेखि सोही नगरपालिकाको वडा नं ७ पौवास्थित आफ्नो माइतीघरमा बस्दै आएकी थिइन्। तर, मंगलबार उनका ४३ वर्षीय श्रीमान मीनबहादुर भण्डारी उनलाई फकाएर आफ्नो घर पिपलडाँडा फर्काएर ल्याएका थिए।

घर फर्किएकै रात दुवै जनाले अत्यधिक मदिरा सेवन गरेको र सोही क्रममा उनीहरूबीच सामान्य विषयमा विवाद सुरु भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। विवाद बढ्दै जाँदा आवेशमा आएर मीनबहादुरले आफ्नी श्रीमतीमाथि निर्घात कुटपिट गरेका थिए। बुधबार बिहान स्थानीय बासिन्दाले मिनालाई आफ्नै घरभित्र मृत अवस्थामा फेला पारेपछि मात्र घटना बाहिर आएको हो।

मृतकको शरीरका विभिन्न भाग, विशेष गरी टाउको र घुँडामा गम्भीर चोटका निशानहरू र निलडाम पाइएका थिए। घटनास्थलको प्रारम्भिक निरीक्षण गर्दा कुनै धारिलो हतियार प्रयोग भएको नदेखिए पनि मदिराको नशामा भएको घच्चाघच्ची र मुक्काप्रहारका कारण भित्री चोट लागेर मृत्यु भएको हुन सक्ने स्थानीय वडा सदस्य रवि खत्रीले अनुमान गरेका छन्। घटनालगत्तै आरोपी श्रीमान फरार भएका थिए।घटनाको सूचना पाउनासाथ जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक र इलाका प्रहरी कार्यालय मेलम्चीको संयुक्त प्रहरी टोलीले तुरुन्तै घटनास्थल पुगेर शवलाई पोस्टमार्टमका लागि पठाउनुका साथै आधुनिक प्रविधिको प्रयोग गरी फरार अभियुक्तको खोजी कार्य तीव्र बनाएको थियो।

अन्ततः प्रहरीले मीनबहादुर भण्डारीलाई मेलम्ची नगरपालिका वडा नं ११ स्थित मेलम्ची बजारबाट नियन्त्रणमा लिन सफल भएको छ र उनीमाथि कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालतबाट म्याद थप गरी विस्तृत अनुसन्धान भइरहेको छ। यस्तै प्रकृतिको अर्को घटना बलेफी गाउँपालिका वडा नं ८ मा पनि घटेको छ, जहाँ ५५ वर्षीय सोमबहादुर तामाङले आफ्नी ५४ वर्षीया श्रीमती धनमाया तामाङलाई फलामको रडले प्रहार गरी गम्भीर घाइते बनाएका थिए।

घाइते धनमायाको काठमाडौंको जोरपाटीस्थित नेपाल मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएपछि फरार रहेका सोमबहादुरलाई पनि प्रहरीले काठमाडौंबाटै पक्राउ गरी कानुनी दायरामा ल्याएको छ।

## जल्बिरेमा पहिरोको त्रास, दीर्घकालीन समाधान खोज्दै स्थानीय

**जनतापत्र, बलेफी**

वर्षायाम सुरु भएसँगै सिन्धुपाल्चोकको बलेफी गाउँपालिका अन्तर्गत पर्ने जल्बिरे क्षेत्रका स्थानीय बासिन्दा फेरि एकपटक प्राकृतिक विपद्को त्रासमा बाँच्न बाध्य भएका छन्।

तेम्बाथाङ सडक खण्डअन्तर्गत जल्बिरे बजार नजिकैको भिरालो पहाडमा ठूलो परिमाणमा लेदोयुक्त माटो, ढुङ्गा र गेग्रान थुप्रिएर बसेको अवस्थामा रहेको छ। स्थानीयका अनुसार उक्त लेदोयुक्त पहिरो जुनसुकै बेला खस्न सक्ने अवस्थामा पुगेकाले बस्ती, सडक तथा बजार क्षेत्र उच्च जोखिममा परेको छ। निरन्तरको वर्षासँगै जोखिम झन् बढ्दै गएपछि स्थानीय बासिन्दाले सम्बन्धित निकायसँग तत्काल प्रभावकारी नियन्त्रण र दीर्घकालीन समाधानको माग गरेका छन्।

स्थानीयका अनुसार पहिरोको मुख्य स्रोत सडकभन्दा माथिल्लो भागमा रहेको विशाल भिरालो क्षेत्र हो। गत वर्षको मनसुनी वर्षाका क्रममा यही स्थानबाट ठूलो परिमाणमा माटो र ढुङ्गा खसेर तलका बस्ती तथा सडकमा पुगेको थियो। त्यसबेला आएको पहिरो तथा बाढीका कारण दुई जना बालबालिकाको ज्यान गएको घटनाले अहिले पनि स्थानीयलाई झस्काइरहेको छ। त्यसयता वर्षा सुरु हुनासाथ स्थानीय बासिन्दामा त्रास बढ्ने गरेको छ।

जल्बिरे बजारका स्थानीय व्यवसायी रामबहादुर तामाङका अनुसार अहिले पनि पहाडको माथिल्लो भागमा सयौँ ट्रक बराबरको लेदोयुक्त माटो थुप्रिएर बसेको छ। “हामीले दैनिक त्यही पहाडतिर हेरेर बस्नुपरेको छ। ठूलो वर्षा हुँदा रातभर निद्रा लाग्दैन। पहिरो खस्यो भने बजार नै पुरिन सक्छ भन्ने डर छ,” उनले भने।

स्थानीय बासिन्दाहरूका अनुसार पहिरोको जोखिमबारे पटक-पटक वडा कार्यालय, गाउँपालिका, जिल्ला प्रशासन तथा प्रदेश सरकारलाई जानकारी गराइएको छ। केही स्थानमा अस्थायी रूपमा पानी निकासको व्यवस्था, तारजाली तथा अन्य नियन्त्रणका प्रयास गरिए पनि जोखिमको मुख्य स्रोत भने यथावत् रहेको उनीहरूको भनाइ छ। स्थानीयका अनुसार समस्या समाधानका लागि सामान्य मर्मत तथा अस्थायी संरचनाले मात्र पुग्ने अवस्था छैन।

वर्षाको समयमा जल्बिरे हुँदै आवतजावत गर्ने यात्रु तथा सवारी चालकहरू समेत त्रसित रहने गरेका छन्। तेम्बाथाङ सडक खण्ड स्थानीय बासिन्दाको दैनिक आवागमनको प्रमुख मार्ग हो। पहिरो खसेमा सडक पूर्ण रूपमा अवरुद्ध हुने र गाउँपालिका केन्द्र तथा अन्य सेवासुविधासँगको सम्पर्क विच्छेद हुने सम्भावना रहेको छ।

सडक अवरुद्ध हुँदा स्वास्थ्य सेवा, शिक्षा, कृषि उत्पादन ढुवानी तथा अन्य अत्यावश्यक कार्य प्रभावित हुने स्थानीय बताउँछन्।

स्थानीय शिक्षक मीनकुमारी श्रेष्ठका अनुसार विद्यालय जाने विद्यार्थीहरू पनि जोखिम मोलेर यात्रा गर्न बाध्य छन्। “बालबालिकाहरू दैनिक यही सडक भएर विद्यालय जान्छन्। ठूलो वर्षा हुँदा अभिभावकहरू चिन्तित हुन्छन्। कुनै पनि बेला पहिरो आउन सक्छ भन्ने डर सधैं रहन्छ,” उनले बताइन्।

## श्रीमती हत्या अभियुक्त पक्राउ

**जनतापत्र, चौतारा**

श्रीमती हत्याजस्तो गम्भीर अपराधमा संलग्न भई फरार रहेका दुई जना अभियुक्तलाई सिन्धुपाल्चोक प्रहरीले पक्राउ गरी कानुनी दायरामा ल्याएको छ। जिल्लाका दुई फरक स्थानमा घटेका छुट्टाछुट्टै घटनाका आरोपितहरूलाई प्रहरीले लामो खोजी अभियानपछि नियन्त्रणमा लिई अनुसन्धान प्रक्रिया अगाडि बढाएको जनाएको छ। घटनाले जिल्लाभर घरेलु हिंसा, महिला सुरक्षाको अवस्था तथा परिवारभित्र हुने हिंसात्मक घटनाप्रति पुनः गम्भीर बहस सुरु गराएको छ।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले शनिबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार चौतारा साँगाचोकगढी नगरपालिका र बलेफी गाउँपालिकामा घटेका दुई फरक-फरक

**बाकी पेज नं ६ मा**

प्रकाशक
टीका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेल: weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## बर्डफ्लु नियन्त्रणमा सबैको सचेतना आवश्यक

नेपालमा बेला-बेलामा देखिने बर्डफ्लु (एभियन इन्फ्लुएन्जा) ले जनस्वास्थ्य तथा कुखुरापालन व्यवसायमा गम्भीर चुनौती सिर्जना गर्ने गरेको छ । यो रोग पन्छीबाट पन्छीमा छिटो फैलिन सक्ने भएकाले समयमै सावधानी अपनाउन नसके ठूलो आर्थिक तथा सामाजिक क्षति हुन सक्छ। विशेष गरी व्यावसायिक कुखुरापालन गर्ने किसान, पन्छी व्यवसायी तथा उपभोक्ताले यस विषयमा उच्च सतर्कता अपनाउन आवश्यक छ । बर्डफ्लुको जोखिम न्यूनीकरणका लागि सरसफाइ, जैविक सुरक्षा र सचेतना अत्यन्त महत्वपूर्ण छन्। अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहने, पन्छी छोएपछि साबुनपानीले हात धुने, कुखुराको मासु तथा अण्डा राम्ररी पकाएर मात्र खाने जस्ता सामान्य सावधानीले पनि रोगको जोखिम घटाउन मद्दत गर्छ। त्यस्तै, पन्छीपालन क्षेत्र सफा राख्ने र शंकास्पद लक्षण देखिएमा सम्बन्धित निकायलाई तत्काल जानकारी गराउने दायित्व सबैको हो ।

सरकार, स्थानीय तह, पशु स्वास्थ्य प्राविधिक तथा सञ्चारमाध्यमले जनचेतना अभिवृद्धिमा थप सक्रिय भूमिका निर्वाह गर्नुपर्छ । बर्डफ्लु नियन्त्रण सरकारी प्रयासले मात्र सम्भव हुँदैन; यसका लागि नागरिकको जिम्मेवार सहभागिता पनि उत्तिकै आवश्यक छ । सचेतना, समन्वय र सावधानीका माध्यमबाट मात्र बर्डफ्लुको जोखिम नियन्त्रण गरी जनस्वास्थ्य र कुखुरापालन क्षेत्रको सुरक्षा गर्न सकिन्छ ।

विचारपत्र

# गाईवस्तु छाडेर किन यता ?

नारायण वाग्ले

'गाईवस्तु छाडेर किन यता?' टाढैबाटै जिस्किँदै आएर हात मिलाइन्जेल हाँसो नरोक्ने 'डाक्सा'प' सँग कसले पो नबोलोः!

देवेन्द्रराज पाण्डेले आफै स्थापना गरेको 'ग्रामीण स्वावलम्बन विकास केन्द्र' ले दुई वर्षअघि उहाँकै सम्मानमा अभिनन्दन समारोह आयोजना गरेको थियो। कार्यक्रम सकिएपछि शंकर होटलमा चियापान चलिरहेको थियो।

डा. पाण्डे सबैसँग हाँस्दै, बोल्दै र भलाकुसारी गर्दै हुनुहुन्थ्यो।

त्यो बेला मेडम पाण्डे अर्थात 'पद्मा टिचर' क्यान्सरको उपचारमा रहेकाले कार्यक्रममा आउन सक्नुभएको थिएन। डा. पाण्डेको स्वास्थ्य पनि क्रमशः कमजोर हुँदै गएकाले सार्वजनिक कार्यक्रममा सहभागी हुन कठिन बन्दै थियो।

त्यसैले समारोहमा उहाँका साथीभाइ, सहकर्मी र शुभेच्छुकहरूको बाक्लो उपस्थिति थियो।

आफ्नै खुट्टामा उभिन सक्ने दिगो संस्था निर्माण गरेका डा. पाण्डेले एक पटक अन्तरंग कुराकानीका क्रममा मलाई भन्नुभएको थियो, 'म तपाईंले अहिले थालेको कामप्रति आरिस गर्छु।'

गाउँ फर्केर जेनतेन कृषि सिक्दै गरेको मेरा लागि त्यो वाक्य जीवनकै ठूलो ढाडस थियो। सायद आफूले पूरा गर्न नपाएको सपना अरूको जीवनमा अंकुराइरहेको देख्दा उहाँलाई सन्तोष मिल्थ्यो।

ग्रामीण स्वावलम्बन– कति सुन्दर शब्द!

तर डा. पाण्डेले नेपालको आधुनिक विकासयात्रा त्यसकै विपरीत दिशातिर अघि बढिरहेको देखेर जीवनभर चिन्ता गर्नुभयो।

त्यो दिन मैले उहाँको विकास सम्बन्धी सोचलाई सबभन्दा व्यवस्थित रूपमा प्राध्यापक चैतन्य मिश्रको व्याख्यानबाट बुझ्ने अवसर पाएँ।'स्वावलम्बन अवधारणा र डा. देवेन्द्रराज पाण्डे' शीर्षकमा बोल्दै मिश्रले डा. पाण्डेको एउटा महत्त्वपूर्ण योगदान लोकतन्त्र र विकासलाई अलग अलग होइन, एउटै प्रक्रियाका रूपमा बुझ्नु रहेको बताए।धेरै विश्लेषकले यी दुईलाई छुट्टाछुट्टै अवधारणाका रूपमा हेरे पनि डा. पाण्डेका लागि लोकतन्त्रबिनाको विकास सम्भव थिएन।

विकास आर्थिक वृद्धि मात्र होइन। विकासले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहित सम्पूर्ण मानव जीवनको उन्नतिलाई समेट्छ।

मिश्रका अनुसार लोककल्याण सम्बन्धी एडम स्मिथका विचारलाई डा. पाण्डेले विशेष महत्त्व दिनुहुन्थ्यो, तर नवउदारवादीहरूले स्मिथलाई पढ्ने र प्रयोग गर्ने तरिकाभन्दा उहाँको बुझाइ निकै फरक थियो।मैले भने डा. पाण्डेसँग विकासबारे गहिरो विमर्श गर्ने अवसर कहिल्यै जुटाउन सकिनँ। हाम्रो भेटघाटमा जहिल्यै समसामयिक राजनीतिक घटनाक्रमले ठाउँ ओगटिहाल्थ्यो।

म कान्तिपुरको सम्पादक हुँदा राजा ज्ञानेन्द्रको प्रतिगमनविरुद्ध उहाँले विचार लेख मात्र होइन, स-साना 'सम्पादकलाई पत्र' समेत पठाएर नागरिक खबरदारी गरिरहनुभयो।

पछि हामी बृहत् नागरिक आन्दोलनमा जोडिँदा 'घरसल्लाह' का लागि जाँदा पनि उहाँले हाम्रो भन्दा बढी हामीलाई नै खबरदारी गर्नुहुन्थ्यो। नागरिक आन्दोलनको मूल ध्येय राज्यलाई लोकतन्त्रप्रति जबाफदेही बनाउनु हुनुपर्छ भन्ने उहाँको जोड हुन्थ्यो।

नागरिक समाज शिथिल बन्दै गएको चिन्ता उहाँले बारम्बार व्यक्त गर्नुहुन्थ्यो। मैले उहाँलाई सधैं जागै देखेँ। देश सुतेको बेला पनि उहाँ जागै हुनुहुन्थ्यो। धेरै गम्भीर भएपछि फेरि ठट्टा गर्न र जिस्किन थालिहाल्नु हुन्थ्यो।

मिश्रको व्याख्यान अगाडि बढ्दै गयो। विलियम आर्थर लुइसले सामाजिक विकास र आर्थिक वृद्धि एकअर्कासँग गाँसिएका हुन्छन् भन्ने निष्कर्ष निकालेको स्मरण गर्दै उनले अमर्त्य सेनको 'डेभलपमेन्ट एज फ्रिडम' को चर्चा गरे।

विकास र स्वतन्त्रता एकअर्काका सर्त हुन् भन्ने सेनको अवधारणाप्रति डा. पाण्डे गहिरो रूपमा सहमत हुनुहुन्थ्यो।

लोकतन्त्र र विकासका यी मान्यताबाट संसार क्रमशः टाढिँदै जाँदा देशहरूबीच र देशभित्र असमानता झन् बढेको छ। त्यससँगै दक्षिणपन्थी राजनीतिको प्रभाव पनि तीव्र बनेको छ, जसको अन्तर्निहित चरित्र नै अलोकतान्त्रिक हुन्छ । आज हामी त्यही देखिरहेका पनि छौं, भोगिरहेका पनि छौं।

यस्तो राजनीतिक प्रवृत्तिले पारिवारिक र सामुदायिक सम्बन्धहरूलाई कमजोर बनाउँदै लगेको छ। परिणाम स्वरूप व्यक्तिगत एक्लोपन, राजनीतिबाट नागरिकको अलगाव र सामुदायिक जीवनको क्षयीकरण बढ्दै गएको छ।

यी सबै लोकतन्त्रका लागि शुभ संकेत होइनन्। डा. पाण्डेको काठमाडौं बाहिर सबैभन्दा प्रिय ठाउँ पाल्पाको बगाले थियो।

त्यसको स्मरण गर्दै मिश्रले भने, 'त्यहाँ उहाँले आफ्नोपन पाउनुहुन्छ। त्यहाँ उहाँले गर्नुपर्ने काम पनि छन् र ती काममा साथ दिने मानिस पनि छन्।'

बगालेजस्ता गाउँहरू कुनै टाढाका भूगोल मात्र होइनन्; समाजको मूलधारबाट कुनै न कुनै रूपमा पाखा पारिएका मानिसहरूको जीवन्त संसार हुन्।

ती गाउँहरू महानगरबाट प्रभावित पनि हुन्छन्, पुनर्गठित पनि। आफ्ना मानिस, श्रम, सीप र स्रोतहरू क्रमशः बाहिरिँदै जाँदा पनि डा. पाण्डे र उहाँका सहकर्मीहरूले त्यस्ता गाउँहरूलाई कहिल्यै छोड्न सकेनन्।

त्यो सुनेपछि मात्रै 'म तपाईंको कामप्रति आरिस गर्छु' र 'गाईवस्तु छाडेर किन यता?' भन्ने उहाँका वाक्यहरूको मर्म मैले गहिरोसँग आत्मसात् गरेँ।

आज गाउँहरू तीव्र परिवर्तनको चपेटामा छन्। विकासको अहिलेको राजनीतिक-आर्थिक बुझाइले गाउँलाई झन् परावलम्बी बनाउँदै लगेको छ। यस्तो समयमा डा. पाण्डेको विकास र लोकतन्त्रसम्बन्धी दृष्टि झन् सान्दर्भिक बन्दै गएको छ।उहाँको जीवनले छाडेको वैचारिक विरासत त्यतिमै रोकिएन। विराटनगरस्थित नर्थ साउथ कलेक्टिभले उहाँको नाममा वार्षिक व्याख्यानमाला सुरू गऱ्यो।

स्वास्थ्य निकै कमजोर भइसकेकाले उपस्थित हुने तीव्र इच्छा हुँदाहुँदै पनि उहाँ जावलाखेलस्थित स्टाफ कलेजसम्म आउन सक्नुभएन।

त्यस कार्यक्रममा नागरिक अभियानी सञ्जीव उप्रेतीले 'संरचनात्मक लाभांश' शीर्षकमा प्रस्तुत गरेको विचारको सार थियो– आफ्नो सफलता वा विशेषाधिकार बुझ्न व्यक्तिले आफू उभिएको सामाजिक संरचना र समाजको पिँधमा रहेका मानिसहरूप्रति आफ्नो सम्बन्ध पनि बुझ्नुपर्छ।

मलाई लाग्छ, त्यो डा. पाण्डेका लागि सबभन्दा ठूलो सम्मान थियो। उहाँको जीवन नै विशालनगरको सम्पन्नता र पाल्पाको बगालेबीचको दूरी कसरी घटाउने भन्ने खोजमा बित्यो। लोकतन्त्र र विकासप्रतिको उहाँको समर्पणको सार त्यही थियो।

क्यान्सरले शरीर गलाउँदै जाँदा पनि उहाँ मानसिक रूपमा उस्तै सचेत रहन खोज्नुहुन्थ्यो। ठट्टा-मजाक गर्न छोड्नुभएन।

पछिल्ला दिनहरूमा भने उहाँलाई लोकतन्त्रकै भविष्यको चिन्ता बढी थियो। जनआन्दोलनले प्राप्त गरेका उपलब्धिहरू उल्ट्याउने प्रयासबारे उहाँ चिन्तित हुनुहुन्थ्यो।

हामी साथीहरूले भने नयाँ पुस्ता, विशेषतः राजनीतिक र नागरिक चेतनाले सशक्त बन्दै गएको जेनजी पुस्ताले लोकतन्त्रको पक्षमा उभिने विश्वास दिलाउने प्रयास गरेका थियौं।

उहाँको प्रभावको एउटा दृश्य प्रमाण उहाँकै नाममा आयोजित सार्वजनिक व्याख्यानमा देखियो। आयोजकले अनुमान गरेभन्दा धेरै नागरिक उपस्थित भएपछि सभाकक्ष साँघुरो पऱ्यो।

आयोजक नागरिक अभियन्ता भाष्कर गौतम टेबलमाथि उभिएर घोषणा गर्न बाध्य भए, 'अब हामी मुख्य सभाहलमा सर्नुपर्छ।'

लोकतन्त्रका लागि नागरिक अगुवाइको चार दशकभन्दा लामो यात्रापछि, लोकतन्त्रमाथि फेरि अनिश्चितताको बादल मडारिएकै बेला ८७ वर्षको उमेरमा उहाँको निधन भयो।

संयोगले, म भने उहाँले जिस्किएझैं 'गाईवस्तु हेर्न' गाउँ फर्किरहेको थिएँ।

गाउँबाटै उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्दा मनमा एउटै कुरा आयो– यदि यो खबर उहाँले आफै सुन्नुभएको भए, सायद फेरि मुस्कुराउँदै भन्नुहुन्थ्यो, 'गाईवस्तु छाडेर किन यता?'। कानुन बनाउन परिपक्व र जिम्मेवारपूर्ण भूमिका हुनु आवश्यक छ ।

( सेतोपाटीबाट सभार)

# स्थानीय निकायको सार्वजनिक सुनुवाइ तथा प्रशासनिक सुधारका प्रयास

**जनतापत्र, चौतारा**

सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिकाले विकास निर्माण तथा सेवा प्रवाहलाई पारदर्शी र जनमुखी बनाउने उद्देश्यका साथ आर्थिक वर्ष २०८२/०८३ को नीति, योजना र कार्यक्रमहरूको प्रगति समीक्षा गर्न एक बृहत् सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। नगरपालिकाको सभाहलमा आयोजित उक्त विशेष कार्यक्रममा स्थानीय जनप्रतिनिधि, विभिन्न सरकारी कर्मचारी, सरोकारवाला निकायका प्रतिनिधि, स्थानीय सञ्चारकर्मी तथा आम नगरवासीहरूको ठूलो संख्यामा उपस्थिति रहेको थियो। सार्वजनिक सुनुवाइको मुख्य उद्देश्य स्थानीय सरकारले वर्षभरि गरेका कामकारबाहीको फेहरिस्त जनतासामु राख्नु र नागरिकका गुनासा प्रत्यक्ष सुन्नु रहेको थियो।

उक्त कार्यक्रममा नगरपालिकाका तर्फबाट आर्थिक वर्षभरि सञ्चालन गरिएका भौतिक पूर्वाधार विकास, शिक्षा क्षेत्रको सुधार, स्वास्थ्य सेवाको विस्तार, कृषि आधुनिकीकरण, सामाजिक विकास तथा दैनिक सेवा प्रवाहका विविध गतिविधि र प्राप्त उपलब्धिहरूको विस्तृत प्रगति विवरण प्रस्तुत गरिएको थियो। प्रतिवेदन प्रस्तुतीकरण पश्चात् खुला छलफल सत्रमा सहभागी नागरिकहरूले स्थानीय तहमा सञ्चालित विकास आयोजनाहरूको कार्यान्वयनको अवस्था, सेवा प्रवाहको वास्तविक गुणस्तर, बजेट विनियोजन तथा खर्चको पारदर्शीता, खानेपानीको उपलब्धता, ग्रामीण सडकको स्तरोन्नति, कृषकका समस्या र अन्य दैनिक आवश्यकताका विषयमा आफ्ना प्रश्न, जिज्ञासा, गुनासा र रचनात्मक सुझावहरू स्पष्ट रूपमा राखेका थिए।

नागरिकहरूका प्रश्न र जिज्ञासाको सम्बोधन गर्दै नगरपालिकाका जनप्रतिनिधिहरूले उठेका हरेक विषयलाई गम्भीरतापूर्वक लिने र आगामी दिनमा नगरपालिकाको सेवा प्रवाहलाई अझ बढी प्रभावकारी, पारदर्शी, ढिलासुस्तीरहित र जनउत्तरदायी बनाउने सामूहिक प्रतिबद्धता व्यक्त गरे। साथै, कार्यक्रममा प्राप्त भएका महत्वपूर्ण जनसुझावहरूलाई आगामी आर्थिक वर्षको नीति, बजेट तथा कार्यक्रम निर्माण गर्दा प्राथमिकताका साथ समेटिने आश्वासन समेत दिइएको थियो। नगरपालिकाले यस प्रकारको सार्वजनिक सुनुवाइ कार्यक्रमले स्थानीय




सरकार र आम नागरिकबीचको सम्बन्धलाई थप सुदृढ, विश्वासिलो र बलियो बनाउनुका साथै स्थानीय तहमा सुशासन, पारदर्शिता र जवाफदेहितालाई संस्थागत गर्न जगको काम गर्ने विश्वास व्यक्त गरेको छ।

यसैगरी, नगरपालिकाले प्रशासनिक सुधारकै अर्को कदम अन्तर्गत आगामी आर्थिक वर्ष २०८३/०८४ को तलबी प्रतिवेदन तयारीका लागि नगरभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूलाई एक जरुरी सूचना जारी गरेको छ। शिक्षक किताबखानाबाट शिक्षकहरूको तलबी प्रतिवेदन प्रमाणित गराउने प्रक्रियालाई सहज बनाउनका लागि सबै विद्यालयहरूले अनिवार्य रूपमा ईएमआईएस प्रणालीमा शिक्षकहरूको नियुक्ति, बढुवा लगायतका सम्पूर्ण सेवा विवरण साउन १५ गतेभित्र अद्यावधिक गरिसक्नुपर्ने निर्देशन दिइएको छ। विवरण अपूर्ण वा त्रुटिपूर्ण भएमा तलबी प्रतिवेदन प्रमाणीकरणमा समस्या आउने र त्यसको प्रत्यक्ष असर शिक्षकहरूको ग्रेड तथा तलबमानमा पर्न सक्ने भएकाले तथ्याङ्क प्रविष्ट गर्दा विशेष सावधानी अपनाउन र ढिलाइ नगर्न नगरपालिकाले सचेत गराएको छ।

# चौताराद्वारा सामुदायिक विद्यालयलाई शिक्षक विवरण अद्यावधिक गर्न निर्देशन

**जनतापत्र, चौतारा**

सामुदायिक विद्यालयहरूको शैक्षिक प्रशासनलाई थप व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ चौतारा साँगाचोकगढी नगरपालिकाले नगरभित्रका सम्पूर्ण सामुदायिक विद्यालयलाई शिक्षकहरूको सेवा विवरण अनिवार्य रूपमा अद्यावधिक गर्न निर्देशन दिएको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ को तलबी प्रतिवेदन तयारी तथा शिक्षक किताबखानाबाट आवश्यक प्रमाणीकरण प्रक्रियालाई सहज र व्यवस्थित बनाउन नगरपालिकाले यस्तो सूचना जारी गरेको हो।

नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा जारी सूचनाअनुसार विद्यालयहरूले ईएमआईएस प्रणालीमा शिक्षकहरूको नियुक्ति, बढुवा, तहगत विवरण, स्थायी नियुक्ति मिति, कार्यरत विद्यालय तथा अन्य आवश्यक सेवा अभिलेखहरू साउन १५ गतेभित्र अद्यावधिक गरिसक्नुपर्नेछ। तोकिएको समयभित्र विवरण अद्यावधिक नगरेमा त्यसबाट उत्पन्न हुने समस्याको जिम्मेवारी सम्बन्धित विद्यालय व्यवस्थापन र प्रशासनले नै व्यहोर्नुपर्ने नगरपालिकाले स्पष्ट पारेको छ।

नेपाल सरकारले विद्यालय व्यवस्थापन तथा शिक्षक प्रशासनलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने नीति लिएको सन्दर्भमा ईएमआईएस प्रणालीलाई महत्वपूर्ण आधारका रूपमा प्रयोग गर्दै आएको छ। विद्यालय तथा शिक्षकसम्बन्धी सम्पूर्ण तथ्याङ्क यही प्रणालीमार्फत अभिलेखीकरण गरिन्छ। हाल शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन प्रमाणीकरण गर्नसमेत ईएमआईएस प्रणालीबाट प्राप्त विवरण अनिवार्य मानिने भएकाले तथ्याङ्कको शुद्धता र अद्यावधिक अवस्था अत्यन्त महत्वपूर्ण रहेको नगरपालिकाले जनाएको छ।

नगरपालिकाका अनुसार हाल धेरै विद्यालयमा शिक्षकहरूको नियुक्ति मिति, बढुवा विवरण तथा अन्य सेवा अभिलेख पूर्ण रूपमा प्रविष्ट नभएको पाइएको छ। कतिपय विद्यालयले पुराना विवरण अद्यावधिक नगरेका कारण आगामी आर्थिक वर्षको तलबी प्रतिवेदन तयार गर्दा समस्या आउन सक्ने देखिएको छ। यस्तो अवस्थाले शिक्षकहरूको तलब, ग्रेड, सेवा सुविधा तथा अन्य प्रशासनिक प्रक्रियामा प्रत्यक्ष असर पार्न सक्ने भएकाले समयमै सुधार गर्न आवश्यक रहेको शिक्षा शाखाका अधिकारीहरूले बताएका छन्।

नगर शिक्षा शाखाका एक कर्मचारीका अनुसार शिक्षकको नियुक्ति तथा बढुवा विवरणमा सामान्य त्रुटि भए पनि त्यसले तलबमान निर्धारणमा असर पार्न सक्छ। "ईएमआईएसमा भएको तथ्याङ्कै आधारमा धेरै प्रशासनिक निर्णय हुने भएकाले सबै विद्यालयले विवरण अद्यावधिक गर्नुपर्ने अवस्था आएको हो। अहिले धेरै विद्यालयमा केही विवरण छुटेको देखिएकाले नगरपालिकाले विशेष ताकेता गरेको हो," उनले बताए।

विद्यालय प्रशासनहरूले पनि नगरपालिकाको निर्देशनलाई सकारात्मक रूपमा लिएका छन्। कतिपय विद्यालयका प्रधानाध्यापकहरूले विगतका वर्षमा कागजी अभिलेखमा सीमित रहेका विवरणहरू डिजिटल प्रणालीमा प्रविष्ट गर्ने क्रममा केही समस्या आएको स्वीकार गरेका छन्। तर अहिले प्रविधिको प्रयोग बढ्दै गएकाले विद्यालय प्रशासनलाई पनि व्यवस्थित बनाउन यो प्रक्रिया आवश्यक भएको उनीहरूको भनाइ छ।

शिक्षकहरूका अनुसार सही अभिलेख व्यवस्थापनले भविष्यमा सेवा सुविधासम्बन्धी विवाद तथा अन्य प्रशासनिक जटिलता कम गर्न मद्दत पुग्नेछ। शिक्षकहरूको सेवा अवधि, बढुवा, तहगत विवरण तथा कार्यसम्पादनसँग सम्बन्धित अभिलेख डिजिटल रूपमा सुरक्षित हुँदा आवश्यक परेको समयमा सहज रूपमा उपयोग गर्न सकिने उनीहरू बताउँछन्।

शिक्षा क्षेत्रका विज्ञहरूका अनुसार विद्यालय प्रशासनलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्नु अहिलेको आवश्यकता हो। कागजी अभिलेखमा आधारित प्रणालीमा त्रुटि, हराउने जोखिम तथा ढिलासुस्ती हुने सम्भावना बढी हुन्छ। तर डिजिटल अभिलेख व्यवस्थापनले तथ्याङ्कको शुद्धता कायम राख्नुका साथै नीति निर्माण, योजना तर्जुमा तथा बजेट व्यवस्थापनमा समेत सहयोग पुऱ्याउँछ।

नगरपालिकाले विद्यालयहरूलाई विवरण अद्यावधिक गर्ने क्रममा कुनै समस्या आएमा शिक्षा शाखासँग समन्वय गर्न अनुरोध गरेको छ। आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन नगरपालिकाले तयारी अवस्थामा रहेको जनाएको छ। विद्यालयका प्रधानाध्यापक, प्रशासनिक कर्मचारी तथा सम्बन्धित शिक्षकहरूलाई तथ्याङ्क प्रविष्ट गर्दा विशेष सावधानी अपनाउन पनि आग्रह गरिएको छ।

चौतारा साँगाचोकगढी नगरपालिकाले पछिल्ला वर्षहरूमा शिक्षा क्षेत्रमा विभिन्न सुधारका कार्यक्रम सञ्चालन गर्दै आएको छ। विद्यालय व्यवस्थापन, शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक क्षमता विकास तथा प्रविधिमैत्री शिक्षण प्रणाली विस्तारका लागि नगरपालिकाले विभिन्न योजना अघि बढाएको छ। ईएमआईएस प्रणालीमा विवरण अद्यावधिक गर्ने अभियानलाई पनि सोही सुधार कार्यक्रमको महत्वपूर्ण अङ्गका रूपमा हेरिएको छ।

स्थानीय अभिभावकहरूले समेत विद्यालय प्रशासनलाई व्यवस्थित र पारदर्शी बनाउन यस्ता कदम आवश्यक रहेको बताएका छन्। उनीहरूका अनुसार शिक्षक तथा विद्यालयसम्बन्धी अभिलेख व्यवस्थित हुँदा समग्र शिक्षा प्रणालीप्रति विश्वास बढ्नेछ। साथै विद्यालयको प्रशासनिक क्षमता बलियो हुँदा शैक्षिक सेवा प्रवाह पनि प्रभावकारी बन्ने अपेक्षा गरिएको छ।

नगरपालिकाले तोकेको समयसीमाभित्र सम्पूर्ण विद्यालयले विवरण अद्यावधिक गरेमा आगामी आर्थिक वर्षको तलबी प्रतिवेदन तयारी, प्रमाणीकरण तथा तलब निकासा प्रक्रिया सहज हुने विश्वास गरिएको छ। यसले शिक्षकहरूलाई समयमै सेवा सुविधा उपलब्ध गराउनुका साथै विद्यालय प्रशासनलाई पनि थप व्यवस्थित र उत्तरदायी बनाउन सहयोग पुग्ने सरोकारवालाहरूको भनाइ छ।

शिक्षा क्षेत्रको आधुनिकीकरण र सुशासन प्रवर्द्धनका लागि डिजिटल अभिलेख व्यवस्थापन अपरिहार्य बन्दै गएको वर्तमान अवस्थामा चौतारा साँगाचोकगढी नगरपालिकाको यो पहललाई शैक्षिक प्रशासन सुधारतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। नगरपालिकाको निर्देशनअनुसार विद्यालयहरूले समयमै विवरण अद्यावधिक गरी प्रणालीलाई पूर्ण, सही र विश्वसनीय बनाउन सकेमा यसले शिक्षा व्यवस्थापनमा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# बाँझो जग्गा सदुपयोगका लागि सहकारीको फलफूल वृक्षरोपण अभियान

**जनतापत्र, चौतारा**

ग्रामीण क्षेत्रमा बढ्दो बसाइँसराइ, कृषि पेशाप्रति घट्दो आकर्षण तथा श्रमिक अभावका कारण वर्षौंदेखि बाँझो रहँदै आएका निजी जग्गाहरूलाई पुनः उत्पादनमूलक बनाउने उद्देश्यका साथ सिन्धुपाल्चोकमा एक महत्वाकांक्षी वृक्षरोपण अभियान सुरु गरिएको छ ।

कमलको फूल सहकारी संस्थाले आफ्ना शेयर सदस्यहरूको निजी स्वामित्वमा रहेका उपयोगविहीन जमिनमा व्यावसायिक फलफूल खेती विस्तार गर्ने लक्ष्यसहित अभियान सञ्चालन गरेको हो । यस अभियानले स्थानीय स्तरमा हरियाली प्रवर्द्धन गर्नुका साथै कृषकहरूको आयआर्जन वृद्धि गर्ने अपेक्षा गरिएको छ ।

सहकारी संस्थाको पहल तथा डिभिजन वन कार्यालय सिन्धुपाल्चोकको प्राविधिक एवं संस्थागत सहयोगमा सञ्चालन गरिएको अभियान अन्तर्गत करिब तीन हजारभन्दा बढी फलफूलका बिरुवाहरू वितरण गरिएको छ । वितरण गरिएका बिरुवाहरूमा टिमुर, कागती, आँप, लिची, कटहर, एभोकाडो तथा लप्सी जस्ता आर्थिक तथा वातावरणीय दृष्टिले महत्वपूर्ण प्रजातिहरू समावेश छन् । सहकारीले भविष्यमा थप सदस्यहरूलाई पनि यस अभियानमा आबद्ध गराउने योजना बनाएको जनाएको छ ।

सहकारीका अध्यक्षका अनुसार जिल्लाका धेरै ग्रामीण क्षेत्रमा खेतीयोग्य जमिन लामो समयदेखि बाँझो रहँदै आएको छ । गाउँबाट युवाशक्ति वैदेशिक रोजगारी तथा शहर केन्द्रित बसाइँसराइतर्फ आकर्षित भएपछि खेती गर्ने जनशक्ति अभाव भएको छ । परिणामस्वरूप उत्पादनशील जमिन उपयोगविहीन बन्दै गएको छ । यही अवस्थालाई मध्यनजर गर्दै बाँझो जमिनलाई दीर्घकालीन आयआर्जनको स्रोतमा रूपान्तरण गर्ने उद्देश्यले फलफूल वृक्षरोपण कार्यक्रम ल्याइएको हो ।

“हामीले वितरण गरेका बिरुवाहरू केही वर्षपछि उत्पादन दिन थाल्नेछन् । त्यसपछि कृषकहरूले नियमित आम्दानी प्राप्त गर्न सक्नेछन् । यसले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ,” सहकारीका एक पदाधिकारीले बताए ।

कार्यक्रम अन्तर्गत कृषकहरूलाई बिरुवा मात्र वितरण गरिएको छैन । बिरुवा कसरी रोप्ने, संरक्षण गर्ने, मलजल व्यवस्थापन गर्ने तथा रोग-कीरा नियन्त्रणका उपायबारे समेत प्राविधिक प्रशिक्षण प्रदान गरिएको छ । डिभिजन वन कार्यालयका प्राविधिकहरूले स्थानीय किसानलाई व्यावसायिक फलफूल खेतीका आधारभूत ज्ञान तथा सीप हस्तान्तरण गरेका छन् ।

डिभिजन वन कार्यालय सिन्धुपाल्चोकका प्रतिनिधिहरूले निजी जग्गामा वृक्षरोपण अभियान सञ्चालन गर्नु वातावरणीय तथा आर्थिक दुवै दृष्टिले महत्वपूर्ण भएको बताए । उनीहरूका अनुसार फलफूलका बिरुवाले हरियाली बढाउने, भूक्षय नियन्त्रण गर्ने, कार्बन उत्सर्जन न्यूनीकरण गर्ने तथा जलवायु परिवर्तनका नकारात्मक असर कम गर्न सहयोग पुर्‍याउँछन् । साथै भविष्यमा फलफूल उत्पादनमार्फत स्थानीय कृषकहरूको जीवनस्तर सुधार हुने अपेक्षा गरिएको छ ।

स्थानीय कृषकहरूले पनि कार्यक्रमप्रति सकारात्मक प्रतिक्रिया दिएका छन् । चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रका कृषक कृष्णप्रसाद तामाङले विगत पाँच वर्षदेखि आफ्नो केही जमिन बाँझो रहेको बताए । “काम गर्ने मान्छे नभएकाले खेती गर्न सकिएको थिएन । अहिले सहकारीले फलफूलका बिरुवा दिएपछि जमिन उपयोग गर्ने अवसर मिलेको छ । केही वर्षपछि आम्दानीको स्रोत बन्ने आशा छ,” उनले भने ।

यस्तै अर्को कृषक सीता श्रेष्ठले फलफूल खेतीले खाद्य सुरक्षा र आयआर्जन दुवैमा सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । उनका अनुसार बजारमा फलफूलको माग निरन्तर बढिरहेको छ । स्थानीय स्तरमै उत्पादन गर्न सकिए आयातित फलफूलमा निर्भरता घट्नुका साथै कृषकहरूले उचित मूल्य प्राप्त गर्न सक्नेछन् ।

विशेषज्ञहरूका अनुसार सिन्धुपाल्चोकको भौगोलिक तथा जलवायु अवस्था विभिन्न प्रकारका फलफूल खेतीका लागि उपयुक्त मानिन्छ । उचित योजना, प्राविधिक सहयोग तथा बजार व्यवस्थापन गर्न सके जिल्लालाई फलफूल उत्पादनको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ । पछिल्ला वर्षहरूमा एभोकाडो, कागती, टिमुर तथा लप्सी जस्ता बालीको व्यावसायिक सम्भावना बढ्दै गएको देखिन्छ ।

यस अभियानले कृषि उत्पादन बढाउनुका साथै वातावरण संरक्षणमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । बाँझो जमिनमा हरियाली विस्तार हुँदा माटो कटान कम हुने, जैविक विविधता संरक्षण हुने तथा वर्षायाममा पहिरोको जोखिम न्यूनीकरण गर्न मद्दत पुग्ने वातावरणविद्हरू बताउँछन् । ग्रामीण क्षेत्रमा हरियाली विस्तारसँगै स्थानीय समुदायमा वातावरण संरक्षणप्रतिको चेतना पनि बढ्ने विश्वास गरिएको छ ।

सहकारी संस्थाले आगामी वर्षहरूमा पनि अभियानलाई निरन्तरता दिने योजना बनाएको छ । बिरुवा वितरणसँगै उत्पादन व्यवस्थापन, प्रशोधन तथा बजारीकरणमा समेत सहजीकरण गर्ने लक्ष्य राखिएको छ । फलफूल उत्पादन बढेपछि सहकारीमार्फत सामूहिक संकलन तथा बिक्री व्यवस्थापन गर्ने तयारी भइरहेको जनाइएको छ ।

सिन्धुपाल्चोकमा सञ्चालन गरिएको यो वृक्षरोपण अभियान बाँझो जमिनको सदुपयोग, वातावरण संरक्षण तथा ग्रामीण आर्थिक विकासलाई एकैसाथ जोड्ने प्रयासका रूपमा हेरिएको छ । स्थानीय समुदाय, सहकारी संस्था तथा सरकारी निकायबीचको सहकार्यले यस्ता कार्यक्रमलाई सफल बनाउन महत्वपूर्ण भूमिका खेलेको सरोकारवालाहरूको भनाइ छ । यदि अभियान प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेमा यसले जिल्लाका अन्य क्षेत्रमा समेत अनुकरणीय उदाहरण स्थापित गर्ने विश्वास गरिएको छ ।

## चौतारामा व्यावसायिक खुवा उत्पादन र उपभोक्ताको आकर्षण

**जनतापत्र, चौतारा**




सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका वडा नं ११ स्थित नर्सरी चोकमा स्थानीय स्तरमै उत्पादन गरिएको खुवाको व्यावसायिक बिक्री वितरण सुरु भएपछि यसले बजारमा सकारात्मक चर्चा कमाउन थालेको छ । परम्परागत र शुद्ध विधि अपनाएर दैनिक रूपमा संकलन गरिने ताजा दूधबाट यो खुवा तयार गरिने भएकाले गुणस्तर, स्वाद र ताजापनका दृष्टिले यो छोटो समयमै स्थानीय उपभोक्ताको पहिलो रोजाइ बन्न सफल भएको हो । बजारमा मिसावटयुक्त दुग्धजन्य पदार्थको बिगबिगी भइरहेका बेला स्थानीय स्तरमै यस प्रकारको शुद्ध उत्पादन उपलब्ध हुनुले उपभोक्तामा एक किसिमको उत्साह जगाएको छ ।

व्यवसायीहरूका अनुसार उत्पादित खुवाको गुणस्तरलाई अक्षुण्ण राख्नका लागि संकलन प्रक्रियादेखि पकाउने विधिसम्म विशेष ध्यान दिने गरिएको छ । यस खुवाको प्रयोग घरायसी रूपमा मिठाइ बनाउन, विभिन्न धार्मिक पूजा-आजा, पारिवारिक उत्सव, चाडपर्व तथा अन्य विशिष्ट परिकारहरू तयार गर्नका लागि अत्यन्तै उपयुक्त मानिएको छ । जसका कारण पछिल्लो समय बजारमा यसको माग अत्यधिक रूपमा बढिरहेको छ । बजारको माग र उपभोक्ताको क्रयशक्तिलाई मध्यनजर गर्दै हाल यस खुवाको मूल्य प्रति आधा केजी (५०० ग्राम) को ४०० रुपैयाँ र प्रति एक केजीको ८०० रुपैयाँ निर्धारण गरिएको छ । उचित मूल्यमा शतप्रतिशत शुद्ध र मिसावटरहित उत्पादन पाइएपछि ग्राहकहरूबाट समेत निकै उत्साहजनक प्रतिक्रिया आइरहेको व्यवसायीहरूको अनुभव छ ।

स्थानीय बजारमै यति उच्च स्तरको दुग्धजन्य परिकार उत्पादन हुन थालेपछि बाहिरी जिल्ला वा छिमेकी बजारबाट आयात गरिने दुग्धजन्य उत्पादनमाथिको निर्भरता क्रमशः कम हुँदै जाने अपेक्षा गरिएको छ । यस अभियानले सिन्धुपाल्चोकका स्थानीय दुग्ध उत्पादक किसान तथा व्यवसायीहरूलाई प्रत्यक्ष रूपमा आर्थिक लाभ पुर्‍याउने निश्चित छ । खुवाको स्वाद लिएका कतिपय उपभोक्ताहरूले एकपटक स्वाद चाखेपछि यसको गुणस्तरका कारण पटक-पटक खरिद गर्ने इच्छा जागेको बताएका छन् । व्यवसायीहरूले पनि “एकपटक प्रयोग गरेर गुणस्तर आफैं जाँच्नुहोस” भन्ने सन्देशसहित सम्पूर्ण नगरवासीलाई यस स्थानीय उत्पादनको स्वाद लिन र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न अपिल गरेका छन् । स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै उपभोक्तालाई स्वास्थ्यकर खाद्य सामग्री उपलब्ध गराउने यो प्रयासले चौतारा क्षेत्रको दुग्ध व्यवसाय विस्तारमा दूरगामी र सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको छ ।

# भारी वर्षाको प्रकोप, प्रशासनद्वारा उच्च सतर्कताको अपिल

**जनतापत्र, चौतारा**

मनसुन सक्रिय भएसँगै सिन्धुपाल्चोक जिल्लाका विभिन्न क्षेत्रमा निरन्तर वर्षा भइरहेकाले बाढी, पहिरो, डुबान तथा सडक अवरोधको जोखिम अत्यधिक बढेको छ। मौसमविद्हरूले आगामी केही दिनसम्म वर्षा जारी रहने पूर्वानुमान गरेपछि जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकले विशेष विपद् चेतावनी जारी गर्दै सम्पूर्ण जिल्लावासीलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। प्रशासनले विशेषगरी नदी किनार, पहिरोको जोखिम भएका बस्ती तथा ग्रामीण सडक आसपासका नागरिकलाई सुरक्षित स्थानमा बस्न र सम्भावित विपद्प्रति सचेत रहन अनुरोध गरेको छ।

प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेद्वारा जारी सूचनामा विगत २४ घण्टादेखि जिल्लाका अधिकांश क्षेत्रमा मध्यमदेखि भारी वर्षा भइरहेको उल्लेख गरिएको छ। मौसमको अवस्था अझै प्रतिकूल रहने संकेत देखिएकाले जुनसुकै बेला प्राकृतिक विपद्का घटना हुन सक्ने प्रशासनको भनाइ छ। जिल्ला विपद् व्यवस्थापन समितिले सुरक्षा निकाय, स्थानीय तह तथा सम्बन्धित कार्यालयहरूलाई पूर्वतयारी अवस्थामा रहन निर्देशन दिएको छ।

सिन्धुपाल्चोक विगतदेखि नै बाढी र पहिरोको उच्च जोखिममा रहेको जिल्ला मानिन्छ। पहाडी भौगोलिक बनावट, कमजोर भू-संरचना तथा अव्यवस्थित सडक विस्तारका कारण वर्षायाममा यहाँका धेरै स्थान जोखिममा पर्ने गरेका छन्। विशेष गरी मेलम्ची, हेलम्बु, पाँचपोखरी थाङपाल, भोटेकोशी, बलेफी, जुगल तथा इन्द्रावती क्षेत्रहरूमा विगतका वर्षहरूमा ठूला प्राकृतिक विपद्का घटना भएका थिए। त्यसैले यस वर्ष पनि निरन्तरको वर्षाले स्थानीय बासिन्दामा त्रास बढाएको छ।

प्रशासनका अनुसार भोटेकोशी, मेलम्ची, इन्द्रावती तथा ब्राह्मणी नदीको जलसतह हाल सामान्य सीमाभित्र भए पनि माथिल्लो क्षेत्रमा भइरहेको लगातार वर्षाका कारण कुनै पनि समयमा जलस्तर बढ्न सक्ने सम्भावना रहेको छ। नदी किनारका बस्तीहरू, बजार क्षेत्र तथा कृषि योग्य जमिनमा बाढी पस्न सक्ने जोखिम भएकाले सतर्क रहन आग्रह गरिएको छ। विशेष गरी तातोपानी, लार्चा, बाह्रबिसे, खाडीचौर, सुकुटे, मेलम्ची तथा इन्द्रावती आसपासका बासिन्दालाई रातिको समयमा थप सावधानी अपनाउन भनिएको छ।यसैबीच, वर्षासँगै पहिरोको जोखिम पनि बढेको छ। जिल्लाका विभिन्न ग्रामीण सडक तथा राजमार्ग क्षेत्रमा साना-ठूला पहिरो खस्न थालेका खबर प्राप्त भएका छन्। बनेपा-कोदारी सडक, मेलम्ची-हेलम्बु सडक, मेलम्ची-भोताङ सडक तथा बलेफी-जुगल सडक खण्डका विभिन्न स्थान पहिरोको उच्च जोखिममा रहेको सडक डिभिजन कार्यालयले जनाएको छ। निरन्तर वर्षाका कारण माटो गल्दै गएकाले थप पहिरो खस्न सक्ने सम्भावना रहेको बताइएको छ।

स्थानीय बासिन्दाहरूले पनि वर्षाको असर महसुस गर्न थालेका छन्। भोटेकोशी गाउँपालिकाका एक स्थानीयका अनुसार नदीको बहाव विगत केही दिनयता बढ्दै गएको छ। "पानी लगातार परिरहेको छ। नदीको बहाव बढेको देखिन्छ। रातिको समयमा झन् डर लाग्छ। कुनै पनि बेला बाढी आउला कि भन्ने चिन्ता छ," उनले बताए।

मेलम्ची क्षेत्रका बासिन्दाले २०७८ सालको विनाशकारी बाढीको स्मरण गर्दै अहिलेको मौसमले पुरानो पीडा पुनः ताजा बनाएको बताएका छन्। स्थानीयहरूका अनुसार त्यतिबेला आएको बाढीले ठूलो धनजनको क्षति पुर्‍याएको थियो। त्यसैले अहिले पनि भारी वर्षा हुँदा स्थानीयमा त्रास बढ्ने गरेको छ।

जिल्ला प्रशासन कार्यालयले अत्यावश्यक कामबाहेक लामो दूरीको यात्रा नगर्न सुझाव दिएको छ। यात्रा गर्नै परेमा सडकको अवस्था बुझेर मात्र यात्रा गर्न अनुरोध गरिएको छ। पहिरोको जोखिम भएका स्थानमा अनावश्यक भीडभाड नगर्न तथा रातिको समयमा यात्रा सकेसम्म टार्न आग्रह गरिएको छ। चालकहरूलाई सावधानीपूर्वक सवारी सञ्चालन गर्न तथा मौसमको अवस्थाबारे नियमित जानकारी लिन भनिएको छ।

विपद् व्यवस्थापनका लागि जिल्ला प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा स्थानीय तहहरूलाई तयारी अवस्थामा राखिएको छ। सम्भावित उद्धार तथा राहत कार्यका लागि आवश्यक उपकरण, जनशक्ति तथा स्रोतसाधन व्यवस्थापन गरिएको प्रशासनले जनाएको छ। जिल्लाका विभिन्न स्थानमा सुरक्षा निकायलाई उच्च सतर्कतामा राखिएको छ भने जोखिमयुक्त क्षेत्रको नियमित अनुगमन भइरहेको छ।

विपद्का बेला तत्काल सूचना आदानप्रदान र उद्धार कार्यलाई प्रभावकारी बनाउन विभिन्न हटलाइन नम्बरहरू समेत सार्वजनिक गरिएको छ। जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (११४४), जल तथा मौसम विज्ञान विभाग (११५५), नेपाल प्रहरी (१००) तथा सशस्त्र प्रहरी बल (१११४) मा चौबीसै घण्टा सम्पर्क गर्न सकिने व्यवस्था गरिएको छ। प्रशासनले कुनै पनि असामान्य अवस्था देखिएमा तुरुन्त सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गरेको छ।

विज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारण पछिल्ला वर्षहरूमा मनसुनी वर्षा थप अनियमित र तीव्र बन्दै गएको छ। छोटो समयमा अत्यधिक वर्षा हुने प्रवृत्ति बढेकाले पहाडी जिल्लाहरूमा बाढी र पहिरोको जोखिम पनि बढ्दै गएको छ। त्यसैले स्थानीय सरकार, समुदाय र नागरिक सबैले विपद् जोखिम न्यूनीकरणका उपायहरू अपनाउन आवश्यक रहेको उनीहरूको सुझाव छ।सिन्धुपाल्चोकमा जारी वर्षाका बीच प्रशासनले जारी गरेको उच्च सतर्कताको अपिललाई गम्भीर रूपमा लिन सरोकारवालाहरूले आग्रह गरेका छन्। प्राकृतिक विपद् रोक्न नसकिए पनि पूर्वतयारी, सतर्कता तथा समयमै सूचना प्रवाहमार्फत सम्भावित क्षति न्यूनीकरण गर्न सकिने भएकाले सबै नागरिकलाई जिम्मेवार र सजग बन्न अनुरोध गरिएको छ। जिल्लावासीको सुरक्षा नै पहिलो प्राथमिकता भएकाले आवश्यक परे थप सुरक्षा तथा उद्धार संयन्त्र परिचालन गरिने प्रशासनले जनाएको छ।

# वर्षाको प्रकोप, पहिरोजन्य क्षति र सडक सञ्जालमा अवरोध

**जनतापत्र, चौतारा**

नेपालमा मनसुन सक्रिय भएसँगै पहाडी जिल्ला सिन्धुपाल्चोकमा निरन्तरको भारी वर्षाका कारण बाढी, पहिरो र डुबानको जोखिम अत्यन्तै उच्च बिन्दुमा पुगेको छ।

जिल्लाको समग्र सुरक्षा र नागरिक बचाउलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकले एक विशेष विपद् चेतावनी सूचना जारी गरी सम्पूर्ण जिल्वासीहरूलाई उच्च सतर्कता अपनाउन र सुरक्षित स्थानमा रहन अपिल गरेको छ। प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेद्वारा हस्ताक्षरित उक्त सूचनामा विगत केही दिनदेखि जिल्लाका अधिकांश भूभागमा मध्यमदेखि भारी वर्षा भइरहेको र जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान अनुसार आगामी केही दिनसम्म यो क्रम जारी रहने भएकाले जुनसुकै बेला प्राकृतिक विपद् आउन सक्ने उल्लेख गरिएको छ।



प्रशासनका अनुसार हाल भोटेकोशी, मेलम्ची, इन्द्रावती र ब्राह्मणी जस्ता ठूला नदीहरूको जलसतह सामान्य सीमाभित्रै रहे तापनि माथिल्लो तटीय क्षेत्रमा भइरहेको निरन्तरको वर्षाले गर्दा जलसतह आकस्मिक रूपमा बढेर तल्लो तटीय बजार तथा बस्तीहरूमा बाढी पस्ने खतरा छ। विशेष गरी विगतका वर्षहरूमा पनि बाढीबाट प्रभावित भएका तातोपानी, लार्चा, हिन्दी, बाह्रबिसे बजार, खाडीचौर, सुकुटे र पाँचपोखरी थाङपाल एवं हेलम्बु गाउँपालिकाका नदी किनारका बासिन्दाहरूलाई रातको समयमा थप चनाखो रहन भनिएको छ। यसका साथै निरन्तरको वर्षाका कारण अरनिको राजमार्ग अन्तर्गतको बनेपा-कोदारी सडक, मेलम्ची-हेलम्बु सडक, मेलम्ची-भोताङ सडक र बलेफी-जुगल सडक खण्डका विभिन्न ठाउँमा पहिरो खसेर यातायात पूर्ण रूपमा ठप्प हुन सक्ने भएकाले अत्यन्तै आवश्यक र जरुरी कामबाहेक लामो दूरीको यात्रा नगर्न र यात्रा गर्नै परेमा सुरक्षा निकायसँग सडकको अवस्था बुझेर मात्र निस्कन प्रशासनले सुझाएको छ। विपद्को समयमा तत्काल उद्धारका लागि जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (११४४) लगायतका सुरक्षा हटलाइनहरू २४सै घण्टा खुला गरिएको छ।

यसै मनसुनी प्रकोपका कारण जिल्लाका विभिन्न तीन स्थानमा गम्भीर संकट उत्पन्न भएको छ। पहिलो घटनामा, बलेफी गाउँपालिका अन्तर्गत तेम्बाथाङ सडक खण्डको जल्बिरे बजार नजिकै रहेको एउटा विशाल भिरालो पाखोमा सयौं ट्रक बराबरको लेदोयुक्त माटो र ढुङ्गा जमेर बसेकाले सो पहिरो जुनसुकै बेला खसेर जल्बिरे बजार र शेरा क्षेत्रका बस्तीहरू सखाप पार्न सक्ने भन्दै स्थानीय बासिन्दा गम्भीर त्रासमा बाचिरहेका छन्। गत वर्ष सोही स्थानमा पहिरो जाँदा दुई जना अबोध बालबालिकाको ज्यान गइसकेकाले स्थानीयले यसको स्थायी र भूगर्भीय नियन्त्रणका लागि संघीय र प्रदेश सरकारसँग गुहार मागेका छन्। दोस्रो घटनामा, चौतारा साँगाचोकगढी नगरपालिका वडा नं ९ बेशीटोलस्थित कोदारी-जितपुर सडक खण्डमा आज बिहान करिब ८ बजे माथिबाट विशाल पहिरो खस्दा सडक पूर्ण रूपमा थुनिएको छ। यस पहिरोका कारण सो मार्ग भएर चल्ने सवारी साधन पूर्ण रूपमा बन्द भएका छन् भने पहिरोको ठीक मुनि रहेका तीन वटा स्थानीय घरहरू बगाउने उच्च जोखिममा परेपछि उनीहरूलाई सुरक्षित स्थानमा सार्न स्थानीयले माग गरेका छन्।

तेस्रो संकट भोटेकोशी गाउँपालिका वडा नं ४ डाक्लाङ क्षेत्रमा देखिएको छ, जहाँ अरनिको राजमार्गको करिब ४ किलोमिटर सडक खण्ड पूर्ण रूपमा भत्किएर क्षतविक्षत भएको छ।

# चौतारामा वन्यजन्तुको वितण्डा : बँदेल र बाँदरको आतंकले किसानको मकैबाली सखाप

**जनतापत्र, चौतारा**

सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतका ग्रामीण बस्तीहरू यतिबेला वन्यजन्तुको बढ्दो आतंकबाट आक्रान्त बनेका छन् ।

विशेष गरी नगरपालिका वडा नं. ११ र १२ का कृषकहरू जङ्गली बँदेल र बाँदरको निरन्तर आक्रमणका कारण ठूलो आर्थिक तथा मानसिक पीडामा परेका छन् । वर्षभरिका लागि खाद्यान्नको मुख्य आधार मानिने मकैबाली पाक्ने बेला वन्यजन्तुले नष्ट गर्न थालेपछि किसानहरू चिन्तित मात्र होइन, खेतीपातीप्रतिको उत्साहसमेत गुमाउँदै गएका छन् ।

स्थानीय कृषकहरूका अनुसार केही वर्षअघिसम्म वन्यजन्तुको समस्या सीमित थियो । तर पछिल्ला वर्षहरूमा जङ्गल क्षेत्र विस्तार, मानव बस्ती नजिक वन्यजन्तुको बढ्दो उपस्थिती तथा प्रभावकारी नियन्त्रण उपायको अभावका कारण समस्या विकराल बन्दै गएको छ । अहिले बँदेलहरू रातको समयमा ठूलो समूहमा खेतबारीमा पस्ने र मकैका बोटहरू उखेलेर, कुल्चेर तथा खाएर नष्ट गर्ने गरेका छन् । त्यसैगरी बाँदरहरू दिनको समयमा खेतमा झुन्डिएर मकैका घोगा टिप्ने, थुतेर फाल्ने तथा बालीमा क्षति पुऱ्याउने गरेका छन् ।

कृषक धुर्व गिरीले आफ्नो पीडा सुनाउँदै भने, "वर्षभरि खाने अन्न यही मकै थियो । मल, बीउ, मजदुरी सबैमा लगानी गरियो । घोगा लागेर पाक्नै लागेको बेला रातारात बँदेलले खेत सखाप बनायो । बाँदरले बाँकी रहेको पनि छोडेन । अब परिवारलाई के खुवाउने भन्ने चिन्ताले सताइरहेको छ ।"





धुर्व गिरीजस्तै दर्जनौं किसानहरू अहिले यस्तै समस्याबाट गुज्रिरहेका छन् । स्थानीय बासिन्दाका अनुसार कतिपय कृषकले रातभर खेतमा बसेर बाली जोगाउने प्रयास गरे पनि वन्यजन्तुको ठूलो समूहका कारण सफल हुन सकेका छैनन् । कतिपयले टिन बजाउने, पटाका पड्काउने, कुकुर प्रयोग गर्ने जस्ता उपाय अपनाए पनि दीर्घकालीन समाधान हुन सकेको छैन ।

कृषकहरूका अनुसार वन्यजन्तुको समस्या मकैबालीमा मात्र सीमित छैन । आलु, कोदो, फापर, सिमी, बोडी, काउली तथा अन्य मौसमी तरकारीहरूमा समेत ठूलो क्षति पुगेको छ । खेतीबाट उत्पादन घट्दै जाँदा गाउँका धेरै परिवार खाद्यान्न अभावको जोखिममा परेका छन् । ग्रामीण अर्थतन्त्रको प्रमुख आधार नै कृषि भएकाले यसको असर परिवारको आयआर्जनमा समेत प्रत्यक्ष परेको छ ।

स्थानीय महिला कृषक माया तामाङले भनिन्, "हामीले खेतबारीमा गरेको दुःख एकै रातमा समाप्त हुन्छ । बिहान खेतमा जाँदा बोटहरू ढलेका, घोगा फालिएका र बाली नष्ट भएको देख्दा मन नै दुख्छ । यस्तो अवस्था रहे खेती गर्ने आँट नै हराउँदै गएको छ ।"

वन्यजन्तु नियन्त्रणको अभावले कृषकहरूमा निराशा बढ्दै गएको छ । धेरैले खेतीयोग्य जमिन बाँझो राख्ने वा वैदेशिक रोजगारीतर्फ आकर्षित हुने सोच बनाउन थालेका छन् । यसले ग्रामीण क्षेत्रमा कृषि उत्पादन घट्ने र खाद्य सुरक्षामा असर पर्ने चिन्ता विज्ञहरूले व्यक्त गरेका छन् ।

डिभिजन वन कार्यालयका अधिकारीहरूका अनुसार वन्यजन्तु संरक्षण र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन अहिले चुनौतीपूर्ण विषय बनेको छ । जङ्गल क्षेत्र नजिकका बस्तीहरूमा वन्यजन्तुको आवतजावत बढ्दै जाँदा बाली तथा मानव सुरक्षामा समस्या देखिएको हो ।

कार्यालयले केही क्षेत्रमा सोलार फेन्सिङ, तारबार तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरे पनि ती प्रयास पर्याप्त नभएको स्वीकार गरेको छ ।

पीडित किसानहरूले स्थानीय सरकार तथा सम्बन्धित निकायसँग प्रभावकारी कदम चाल्न माग गरेका छन् । उनीहरूले जङ्गल किनारमा सोलार फेन्सिङ, बलियो तारबार, वन्यजन्तु भगाउने प्रविधि, बाली क्षतिको मूल्याङ्कन तथा उचित क्षतिपूर्ति व्यवस्था लागू गर्नुपर्ने बताएका छन् । साथै वन्यजन्तुको आक्रमणबाट प्रभावित कृषकका लागि राहत कार्यक्रम ल्याउनुपर्ने मागसमेत गरेका छन् ।

चौतारा साँगाचोकगढी नगरपालिकाका जनप्रतिनिधिहरूले समस्या गम्भीर रहेको स्वीकार गरेका छन् । नगरपालिकाले केही स्थानमा तारबार निर्माण तथा किसानलाई प्राविधिक सहयोग उपलब्ध गराएको भए पनि समस्या पूर्ण रूपमा समाधान हुन नसकेको जनाएको छ । आगामी दिनमा डिभिजन वन कार्यालय, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरी दीर्घकालीन योजना बनाइने नगरपालिकाले जनाएको छ ।

कृषि विज्ञहरूका अनुसार वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरण गर्न वैज्ञानिक तथा दिगो उपाय आवश्यक छ । बस्ती नजिकको जङ्गल व्यवस्थापन, वन्यजन्तुको आहार क्षेत्र संरक्षण, प्रविधिमैत्री सुरक्षा प्रणाली तथा किसानलाई प्रोत्साहन गर्ने नीति लागू गर्न सके समस्या समाधानमा सहयोग पुग्न सक्छ ।

चौताराका कृषकहरूले अहिले आफ्नो मेहनत र भविष्य जोगाउन राज्यको ध्यानाकर्षण गरिरहेका छन् । यदि समयमै प्रभावकारी कदम चालिएन भने कृषकहरू खेतीपातीबाट पलायन हुने, उत्पादन घट्ने तथा खाद्य संकटको जोखिम बढ्ने स्थानीयहरूको चेतावनी छ । वन्यजन्तुको संरक्षणसँगै किसानको जीवन र जीविकोपार्जनलाई समेत समान महत्व दिनुपर्ने आवश्यकता अहिले झन् टड्कारो रूपमा देखिएको छ ।

## श्रीमती हत्या अभियुक्त ........

हत्या घटनाका अभियुक्तहरूलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दाअन्तर्गत अनुसन्धान भइरहेको छ । प्रहरीले दुवै घटनालाई गम्भीर अपराधका रूपमा लिएर अनुसन्धान अगाडि बढाएको जनाएको छ ।

प्रहरीका अनुसार पहिलो घटना चौतारा साँगाचोकगढी नगरपालिका-६ पिपलडाँडा तल्लो भण्डारी टोलमा भएको थियो । सो स्थानका ४३ वर्षीय मीनबहादुर भण्डारीमाथि आफ्नी ४० वर्षीया श्रीमती मिना राना मगरमाथि कुटपिट गरी हत्या गरेको आरोप लागेको छ । घटनापछि उनी फरार भएका थिए । स्थानीयवासीले घटनाको जानकारी प्रहरीलाई गराएपछि जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक र इलाका प्रहरी कार्यालय मेलम्चीबाट संयुक्त टोली परिचालन गरिएको थियो ।

प्रहरीले घटनापछि सम्भावित स्थानहरूमा खोजी अभियान सञ्चालन गर्नुका साथै प्रविधिको प्रयोग गरेर अभियुक्तको गतिविधि निगरानी गरेको जनाएको छ । अनुसन्धानको क्रममा प्राप्त सूचनाका आधारमा प्रहरीले उनलाई मेलम्ची बजार क्षेत्रबाट नियन्त्रणमा लिन सफल भएको थियो । पक्राउपछि उनलाई जिल्ला प्रहरी कार्यालय ल्याई थप अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।

यसैगरी दोस्रो घटना बलेफी गाउँपालिका-८ मा भएको थियो । प्रहरीले दिएको जानकारीअनुसार ५५ वर्षीय सोमबहादुर तामाङले आफ्नी ५४ वर्षीया श्रीमती धनमाया तामाङमाथि फलामको रड प्रहार गरी गम्भीर घाइते बनाएका थिए । गम्भीर घाइते भएकी धनमायालाई तत्काल उपचारका लागि काठमाडौंस्थित नेपाल मेडिकल कलेज लगिएको थियो । तर उपचारकै क्रममा उनको मृत्यु भएको थियो ।

घटनापछि सोमबहादुर फरार भएका थिए । उनलाई पक्राउ गर्न इलाका प्रहरी कार्यालय बाह्रबिसे, जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक तथा काठमाडौं प्रहरीसँग समन्वय गरी विशेष टोली परिचालन गरिएको थियो । लामो खोजीपछि प्रहरीले उनलाई काठमाडौंको जोरपाटी क्षेत्रबाट पक्राउ गरेको जनाएको छ । पक्राउ परेका अभियुक्तलाई कानुनी प्रक्रिया पूरा गरी जिल्ला अदालत सिन्धुपाल्चोकबाट म्याद थप गरेर अनुसन्धान अगाडि बढाइएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार दुवै घटनाको अनुसन्धान विभिन्न कोणबाट भइरहेको छ । घटनाको वास्तविक कारण, पारिवारिक अवस्था, विवादको पृष्ठभूमि तथा अन्य सम्भावित पक्षबारे अनुसन्धान जारी रहेको बताइएको छ । प्रहरीले अनुसन्धान पूरा भएपछि कानुनअनुसार अभियोजन प्रक्रिया अगाडि बढाइने जनाएको छ ।

स्थानीय बासिन्दाहरूका अनुसार दुवै घटनाले समाजलाई स्तब्ध बनाएको छ । परिवारभित्र हुने सामान्य विवाद हिंसात्मक रूप लिँदा यस्ता दुःखद घटना हुने गरेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् । विशेषगरी महिलामाथि हुने घरेलु हिंसा तथा मानसिक यातनाका विषयमा समयमै सम्बोधन हुन नसक्दा यस्ता घटना बढ्ने गरेको सरोकारवालाहरूको भनाइ छ ।

महिला अधिकारकर्मीहरूले यस्ता घटनालाई समाजका लागि गम्भीर चेतावनीका रूपमा लिनुपर्ने बताएका छन् । उनीहरूका अनुसार घरेलु हिंसा, मदिरा दुव्र्यसन, आर्थिक तनाव, पारिवारिक असमझदारी तथा सामाजिक चेतनाको अभावका कारण परिवारभित्र हिंसाका घटना हुने गरेका छन् । हिंसाको प्रारम्भिक संकेत देखिएदेखि नै समुदाय, स्थानीय सरकार तथा सुरक्षा निकाय सक्रिय हुनुपर्ने उनीहरूको सुझाव छ ।

कानुनविद्हरूका अनुसार नेपालमा कर्तव्य ज्यानसम्बन्धी कसुर गम्भीर फौजदारी अपराधअन्तर्गत पर्दछ । कसुर प्रमाणित भएमा प्रचलित कानुनअनुसार कडा सजायको व्यवस्था रहेको छ । उनीहरूका अनुसार अपराधीलाई कानुनी कारबाही गर्नु मात्र पर्याप्त हुँदैन, यस्ता अपराध हुन नदिन सामाजिक तथा संस्थागत रोकथामका उपायहरू पनि आवश्यक हुन्छन् ।

प्रहरीले पछिल्लो समय महिला हिंसा तथा घरेलु हिंसासम्बन्धी उजुरीहरूलाई प्राथमिकताका साथ हेर्दै आएको जनाएको छ । समुदाय-प्रहरी साझेदारी कार्यक्रम, जनचेतनामूलक अभियान तथा विद्यालय तथा समुदायमा हुने अन्तरक्रियामार्फत हिंसा न्यूनीकरणका प्रयासहरू भइरहेका छन् । तथापि, अझै पनि धेरै घटनाहरू समयमै बाहिर नआउँदा समस्या जटिल बन्ने गरेको प्रहरी अधिकारीहरू बताउँछन् ।

स्थानीय सरकारका प्रतिनिधिहरूले पनि महिला सुरक्षा तथा घरेलु हिंसा न्यूनीकरणका लागि थप प्रभावकारी कार्यक्रम सञ्चालन

# ४० माइक्रोनभन्दा पातलो प्लास्टिक निषेध र फलफूल वृक्षरोपण

**जनतापत्र, चौतारा**

वातावरण संरक्षण, प्लास्टिकजन्य फोहोरको दीर्घकालीन न्यूनीकरण र जैविक विविधताको रक्षा गर्ने महाअभियान अन्तर्गत सिन्धुपाल्चोक जिल्लामा एक ऐतिहासिक कदम चालिएको छ। चौतारा साँगाचोकगढी नगरपालिका वडा नं १४ लाई सिन्धुपाल्चोक जिल्लाकै पहिलो ४० माइक्रोनभन्दा पातलो प्लास्टिकमुक्त वडा घोषणा गरिएको छ। वडा कार्यालयद्वारा आयोजित एक भव्य सार्वजनिक समारोहका बीच यो घोषणा गरिएको हो, जसले स्थानीय स्तरमा स्वच्छ, सुन्दर र पर्यावरणमैत्री समाज निर्माणको नयाँ युगको सुरुवात गरेको छ। उक्त घोषणा कार्यक्रममा स्थानीय जनप्रतिनिधि, आमा समूह, युवा क्लब, विभिन्न संघसंस्थाका प्रतिनिधि, स्थानीय व्यापारी तथा आम उपभोक्ताहरूको उल्लेखनीय एवं उत्साहजनक सहभागिता रहेको थियो।

घोषणा समारोहलाई सम्बोधन गर्दै वडाका नेतृत्वकर्ताहरूले प्लास्टिकजन्य फोहोरले मानव स्वास्थ्य, कृषि भूमि, जलस्रोत र समग्र वातावरणीय चक्रमा पुऱ्याइरहेको गम्भीर नकारात्मक असरबारे प्रकाश पारेका थिए। उनीहरूले केवल कागजमा घोषणा गरेर मात्र अभियान सफल नहुने हुनाले प्रत्येक नागरिकले आफ्नो दैनिक व्यवहार र संस्कारमा परिवर्तन ल्याउनु आवश्यक रहेको कुरामा जोड दिए। यस घोषणा सँगैसँगै अब वडाभित्र सञ्चालित कुनै पनि पसल, होटल वा व्यावसायिक प्रतिष्ठानहरूले ४० माइक्रोनभन्दा पातलो प्लास्टिकका झोलाहरूको भण्डारण, बिक्री र वितरण गर्न पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ। उपभोक्ताहरूलाई पनि बजार जाँदा घरबाटै कपडा, जुट वा पुनः प्रयोग गर्न मिल्ने परम्परागत झोलाहरू बोक्ने बानी बसाल्न अनुरोध गरिएको छ। अभियानलाई व्यावहारिक रूपमै सहयोग पुऱ्याउन वडा कार्यालयले कार्यक्रममा उपस्थित प्रत्येक घरधुरीलाई नमुनाका रूपमा एक-एक थान गुणस्तरीय कपडाको झोला निःशुल्क वितरण गरेको छ र आगामी दिनमा यसलाई थप विस्तार गर्ने योजना बनाएको छ। फोहोर व्यवस्थापनलाई थप व्यवस्थित बनाउन बजार तथा भीडभाड हुने सार्वजनिक स्थलहरूमा वर्गीकरण गरिएका डस्टबिनहरू राख्ने तयारी समेत वडाले गरेको छ।



वातावरण संरक्षणकै अर्को प्रशंसनीय प्रयास अन्तर्गत सिन्धुपाल्चोकमा खेतीयोग्य तर लामो समयदेखि उपयोगविहीन रहेका बाँझो निजी जग्गाहरूलाई उत्पादनमूलक र हराभरा बनाउन कमलको फूल सहकारी संस्थाले एक ठूलो वृक्षरोपण अभियान सुरु गरेको छ। सहकारीले आफ्ना शेयरधनी सदस्यहरूको निजी स्वामित्वमा रहेका तर बाँझो रहेका जमिनहरूमा व्यावसायिक फलफूल खेती विस्तार गर्ने लक्ष्य राखेको छ। यस अभियान अन्तर्गत डिभिजन वन कार्यालय सिन्धुपाल्चोकको प्राविधिक तथा संस्थागत सहयोगमा टिमुर, कागती, आँप, लिची, कटहर, एभोकाडो र लप्सी जस्ता बहुउपयोगी एवं उच्च मूल्यका करिब ३,००० थान फलफूलका बिरुवाहरू कृषकहरूलाई वितरण गरिएको छ।

सहकारीका पदाधिकारीहरूका अनुसार यस अभियानले ग्रामीण क्षेत्रका कृषकहरूको आयआर्जनमा सुधार ल्याउनुका साथै स्थानीय बजारमा फलफूलको आयातलाई प्रतिस्थापन गर्न मद्दत गर्नेछ।

# ग्रामीण स्वास्थ्य सेवामा नयाँ उदाहरण : सुनकोशीमा अशक्त र दीर्घरोगी लक्षित घरदैलो प्रशामक कार्यक्रम

**जनतापत्र, सुनकोशी**

भौगोलिक विकटता, आर्थिक अभाव तथा शारीरिक अशक्तताका कारण स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने नागरिकलाई लक्षित गर्दै सुनकोशी गाउँपालिका वडा नं. ७ मा घरदैलोमै पुगेर प्रशामक स्वास्थ्य सेवा प्रदान गरिएको छ। स्थानीय सरकारको पहलमा सञ्चालन गरिएको यो कार्यक्रमले गाउँका अशक्त, ज्येष्ठ नागरिक तथा दीर्घरोगी बिरामीहरूलाई प्रत्यक्ष राहत प्रदान गरेको छ।

वडा कार्यालयको आयोजना तथा पाङ्ग्रेटार स्वास्थ्य चौकीको प्राविधिक सहकार्यमा आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत उक्त सेवा सञ्चालन गरिएको हो। स्वास्थ्य संस्थासम्म पुग्न कठिनाइ भोगिरहेका नागरिकलाई आधार भूत तथा आवश्यक स्वास्थ्य सेवा उनीहरूको घरमै पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको वडा कार्यालयले जनाएको छ।

कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मी, नर्स तथा चिकित्सकहरूको टोली गाउँका विभिन्न बस्तीमा पुगेर बिरामीहरूको स्वास्थ्य परीक्षण गरेको थियो। लामो समयदेखि ओछ्यान परेका, शारीरिक रूपमा अशक्त भएका तथा विभिन्न दीर्घरोगबाट पीडित नागरिकहरूको रक्तचाप, मधुमेह, श्वासप्रश्वास, मुटुसम्बन्धी समस्या लगायतका विभिन्न स्वास्थ्य अवस्थाको परीक्षण गरिएको थियो। टोलीले प्रत्येक बिरामीको अवस्था मूल्याङ्कन गरी आवश्यक परामर्श, औषधि तथा स्वास्थ्य सुझाव प्रदान गरेको जनाएको छ।

प्रशामक सेवा विशेषगरी ती बिरामीका लागि महत्वपूर्ण मानिन्छ, जो दीर्घकालीन रोगका कारण नियमित रूपमा स्वास्थ्य संस्था पुग्न सक्दैनन्। यस्ता बिरामीहरूलाई स्वास्थ्य उपचार मात्र नभई मानसिक तथा सामाजिक सहयोगको समेत आवश्यकता हुने भएकाले कार्यक्रमले उनीहरूको जीवनस्तर सुधार गर्न सहयोग पुऱ्याएको स्थानीय स्वास्थ्यकर्मीहरूको भनाइ छ।

कार्यक्रमका क्रममा बिरामीलाई आवश्यक पर्ने नियमित औषधि निःशुल्क वितरण गरिएको थियो। साथै परिवारका सदस्यलाई बिरामीको दैनिक हेरचाह कसरी गर्ने, औषधि समयमै कसरी खुवाउने, सरसफाइमा के-कस्ता सावधानी अपनाउने तथा आपतकालीन अवस्थामा कसरी प्रतिक्रिया जनाउने भन्ने विषयमा समेत विस्तृत जानकारी दिइएको थियो। स्वास्थ्यकर्मीहरूले परिवारलाई रोग व्यवस्थापनसम्बन्धी व्यवहारिक सीप सिकाएको बताए।यस अभियानमा वडा अध्यक्ष ईश्वर तिमल्सिना, वडा सचिव तथा अन्य जनप्रतिनिधिहरूको समेत सक्रिय सहभागिता रहेको थियो।

उनीहरू स्वास्थ्य टोलीसँगै गाउँका विभिन्न टोल तथा बस्तीमा पुगेर बिरामीहरूको अवस्था बुझ्न तथा आवश्यक सहयोगको प्रतिबद्धता व्यक्त गर्न सहभागी भएका थिए। जनप्रतिनिधिहरूले स्थानीय सरकार नागरिकको घरदैलोमै सेवा पुऱ्याउने नीति अनुसार यस्ता कार्यक्रमलाई आगामी दिनमा अझ प्रभावकारी बनाइने बताएका छन्।

कार्यक्रमका क्रममा सेवाग्राहीलाई व्यक्तिगत सरसफाइका सामग्री समेत वितरण गरिएको थियो। साबुन, मञ्जन, ब्रस, तौलिया लगायतका सामग्री समावेश गरिएको हाइजिन प्याकेज वितरण गरेर संक्रमणजन्य रोगको जोखिम न्यूनीकरण गर्न प्रयास गरिएको थियो। स्वास्थ्यकर्मीहरूका अनुसार दीर्घरोगी तथा अशक्त व्यक्तिहरूमा सरसफाइको अभावले थप स्वास्थ्य समस्या निम्त्याउन सक्ने भएकाले यस प्रकारको सहयोग उपयोगी हुने अपेक्षा गरिएको छ।

सेवा प्राप्त गरेका स्थानीय बासिन्दाले कार्यक्रमप्रति खुशी व्यक्त गरेका छन्। नियमित रूपमा स्वास्थ्य संस्था पुग्न नसक्ने अवस्थामा घरमै चिकित्सक र औषधि पुगेपछि आफूहरूलाई ठूलो राहत मिलेको उनीहरूको भनाइ छ। विशेषगरी ज्येष्ठ नागरिक तथा ओछ्यान परेका बिरामीका परिवारले स्थानीय सरकारप्रति आभार व्यक्त गरेका छन्। उनीहरूका अनुसार अस्पतालसम्म पुग्न यातायात खर्च, समय तथा शारीरिक कठिनाइका कारण उपचार प्रभावित हुँदै आएको थियो।

वडा अध्यक्ष ईश्वर तिमल्सिनाले स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार भएकाले कुनै पनि नागरिक सेवा पाउनबाट वञ्चित हुन नहुने बताए। उनले अशक्त, ज्येष्ठ नागरिक तथा दीर्घरोगीको संरक्षण स्थानीय सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै आगामी वर्षहरूमा पनि यस्ता घरदैलो स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिए। आवश्यकता अनुसार थप वडामा समेत यस्ता कार्यक्रम विस्तार गर्ने योजना रहेको उनको भनाइ थियो।

ग्रामीण क्षेत्रमा स्वास्थ्य पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएको यो कार्यक्रमले स्थानीय सरकारको नागरिकप्रति उत्तरदायित्वलाई समेत उजागर गरेको छ। स्वास्थ्य संस्था टाढा रहेका तथा नियमित उपचारमा कठिनाइ भोगिरहेका नागरिकका लागि घरदैलो स्वास्थ्य सेवा प्रभावकारी माध्यमका रूपमा देखिएको छ। स्वास्थ्य सेवा मात्र नभई सामाजिक सद्भाव, आत्मीयता र नागरिकप्रतिको जिम्मेवारीलाई समेत बलियो बनाउने यस्ता कार्यक्रमले ग्रामीण स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।सुनकोशी गाउँपालिका वडा नं. ७ मा सञ्चालन गरिएको यो प्रशामक स्वास्थ्य सेवा कार्यक्रमले स्थानीय स्तरमा स्वास्थ्य सेवा प्रवाहको नयाँ अभ्यास स्थापित गरेको छ।

सेवा प्राप्त गरेका नागरिकहरूको सन्तुष्टि र सकारात्मक प्रतिक्रियाले यस्ता कार्यक्रमलाई दीर्घकालीन रूपमा निरन्तरता दिनुपर्ने आवश्यकता झन् स्पष्ट भएको सरोकारवालाहरूको निष्कर्ष रहेको छ।

# डाक्लाङमा सडक बिग्रँदा अन्तर्राष्ट्रिय व्यापार र जनजीवन प्रभावित

सुनिता रखाल, बाह्रबिसे

नेपाल-चीन व्यापारको प्रमुख प्रवेशद्वारका रूपमा परिचित तातोपानी नाका जोड्ने अरनिको राजमार्गअन्तर्गत सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ डाक्लाङ क्षेत्रमा सडकको दयनीय अवस्थाले स्थानीय जनजीवन, अन्तर्राष्ट्रिय व्यापार तथा यातायात व्यवस्था गम्भीर रूपमा प्रभावित भएको छ ।

करिब चार किलोमिटर सडक खण्ड अत्यन्तै जीर्ण, भासिएको तथा हिलाम्मे बनेपछि दैनिक आवागमन जोखिमपूर्ण र कष्टकर बन्दै गएको छ । स्थानीय बासिन्दा, यातायात व्यवसायी तथा व्यापारीहरूले सम्बन्धित निकायसँग तत्काल मर्मत तथा स्तरोन्नतिको माग गरेका छन् ।

तातोपानी नाका पुनः सञ्चालनमा आएपछि नेपाल र चीनबीचको आयात-निर्यात गतिविधि क्रमशः बढ्दै गएको छ । दैनिक सयौँ मालवाहक कन्टेनर, ट्रक तथा अन्य सवारी साधन यही सडक प्रयोग गरी आवतजावत गर्ने गरेका छन् । तर डाक्लाङ क्षेत्रमा सडकको अवस्था अत्यन्त कमजोर बनेपछि यात्रु र व्यवसायीहरू समस्यामा परेका छन् । विशेषगरी वर्षायाममा सडक हिलाम्मे हुने, भासिने तथा पानी जम्ने समस्या बढ्दा सवारी साधन सञ्चालन गर्न कठिन हुने गरेको छ ।

स्थानीय बासिन्दाका अनुसार केही वर्षअघि नजिकै सञ्चालित एक जलविद्युत् आयोजनाले नदी किनारबाट ठूला ढुङ्गा तथा निर्माण सामग्री उत्खनन गरेपछि सडकको आधार क्षेत्र कमजोर बनेको थियो । त्यसपछि निरन्तर वर्षा, नदी कटान तथा भारी सवारी साधनको चापका कारण सडक झन् भासिँदै गएको बताइन्छ । अहिले सडकका कतिपय भागमा गहिरा खाल्डाखुल्डी बनेका छन् भने कतिपय स्थानमा सडकको चौडाइ नै साँघुरिएको छ ।

स्थानीय व्यवसायी पासाङ शेर्पाका अनुसार सडकको खराब अवस्थाले व्यापार व्यवसायमा प्रत्यक्ष असर परेको छ । "तातोपानी नाका हुँदै आउने सामान ढुवानी गर्न निकै समस्या भइरहेको छ । ट्रकहरू घण्टौँसम्म जाममा बस्नुपर्छ । कहिलेकाहीँ सवारी फस्ने र दुर्घटनाको जोखिम पनि हुन्छ," उनले बताए ।

डाक्लाङ क्षेत्रको सडक बिग्रिएपछि स्थानीय बासिन्दाको दैनिक जीवनसमेत प्रभावित भएको छ । स्वास्थ्य सेवा लिन, विद्यालय जान तथा आवश्यक सामग्री ओसार पसार गर्न कठिनाइ भएको स्थानीयको गुनासो छ । विशेषगरी बिरामी, ज्येष्ठ नागरिक तथा बालबालिकालाई आवतजावतमा थप समस्या हुने गरेको छ । वर्षाको समयमा सडक हिलाम्मे हुँदा पैदल यात्रा समेत जोखिमपूर्ण बन्ने गरेको स्थानीयहरू बताउँछन् ।

मालवाहक कन्टेनर चालकहरूका अनुसार सडकको खराब अवस्थाका कारण ढुवानी खर्च बढ्नुका साथै समयमै गन्तव्यमा पुग्न कठिन हुने गरेको छ । कतिपय अवस्थामा कन्टेनरहरू लामो समयसम्म बीच बाटोमै रोकिँदा व्यवसायीहरूलाई आर्थिक नोक्सानी हुने गरेको छ । यसले समग्र आपूर्ति प्रणालीमा असर पार्ने र बजारमा सामानको मूल्य वृद्धि हुन सक्ने चिन्ता व्यक्त गरिएको छ ।

व्यापारसँग सम्बन्धित सरोकारवालाहरूका अनुसार तातोपानी नाका नेपालको महत्वपूर्ण अन्तर्राष्ट्रिय व्यापारिक नाका हो । यस नाकाबाट दैनिक ठूलो परिमाणमा उपभोग्य वस्तु, निर्माण सामग्री तथा अन्य सामान नेपाल भित्रिने गर्छन् । सडकको दयनीय अवस्थाले व्यापारिक गतिविधिमा अवरोध सिर्जना गर्दा राजस्व संकलनमा समेत असर पर्न सक्ने उनीहरूको भनाइ छ ।



स्थानीय जनप्रतिनिधिहरूले सडक समस्याबारे सम्बन्धित निकायको ध्यानाकर्षण गराइसकेको बताएका छन् । भोटेकोशी गाउँपालिकाका एक जनप्रतिनिधिका अनुसार सडकको मर्मत तथा स्तरोन्नतिका लागि सडक विभाग र अन्य सम्बन्धित निकायसँग समन्वय भइरहेको छ । "यो सडक केवल स्थानीयका लागि मात्र होइन, राष्ट्रिय अर्थतन्त्रसँग समेत जोडिएको विषय हो । त्यसैले दीर्घकालीन समाधान आवश्यक छ," उनले बताए ।

सडक विभागका प्राविधिकहरूका अनुसार सडकको केही भागमा तत्काल मर्मत आवश्यक छ भने केही स्थानमा पुनःनिर्माण नै गर्नुपर्ने अवस्था देखिएको छ । विशेषगरी नदी कटान नियन्त्रण, पर्खाल निर्माण, पानी निकासको उचित व्यवस्था तथा सडकको आधार संरचना मजबुत बनाउने काम आवश्यक रहेको बताइएको छ । यस्ता कामका लागि पर्याप्त बजेट तथा प्राविधिक योजना आवश्यक पर्ने प्राविधिकहरूको भनाइ छ ।

यातायात व्यवसायीहरूले पनि सडक मर्मत कार्यलाई प्राथमिकतामा राख्न सरकारसँग माग गरेका छन् । उनीहरूका अनुसार अन्तर ष्ट्रिय व्यापारिक मार्गको रूपमा रहेको सडक लामो समयसम्म जीर्ण अवस्थामा रहनु दुःखद विषय हो । समयमै सुधार नगरिए दुर्घटनाको जोखिम झन् बढ्ने तथा व्यापारिक गतिविधि प्रभावित हुने चेतावनी उनीहरूले दिएका छन् ।

विज्ञहरूका अनुसार पूर्वाधार विकासमा दीर्घकालीन योजना तथा नियमित मर्मत प्रणालीको अभावले यस्ता समस्या दोहोरिने गरेका छन् । सडक निर्माणपछि त्यसको संरक्षण र नियमित अनुगमन नगर्दा वर्षायाममा क्षति बढ्ने गरेको छ । त्यसैले विकास निर्माणसँगै दिगो व्यवस्थापनमा समेत ध्यान दिनुपर्ने आवश्यकता रहेको उनीहरू बताउँछन् ।


## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसलौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड